# कर्मचारी सञ्चय कोषद्वारा अन्तरक्रिया कार्यक्रम सम्पन्न




काठमाडौं, जेठ १७, २०८३। कर्मचारी सञ्चय कोषद्वारा कोषको रणनीतिक योजना, चालु आर्थिक वर्षको बजेट समीक्षा, आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट प्रक्षेपण, वार्षिक कार्यसम्पादन सम्झौताको समीक्षा तथा व्यवसायिक निरन्तरता योजना सम्बन्धी विषयमा एकदिने अन्तरक्रिया तथा समीक्षा कार्यक्रम कोषको केन्द्रिय कार्यालय, पुल्चोकमा सम्पन्न भएको छ ।

कोषका उच्च पदस्थ कर्मचारीहरुको सहभागिता रहेको कार्यक्रमको प्रारम्भमा योजना अनुगमन तथा जोखिम व्यवस्थापन विभागका विभागीय प्रमुख श्री दामोदर प्रसाद सुवेदीले कार्यक्रमको औचित्य प्रकाश पार्दै सहभागीहरूलाई स्वागत गर्नुभएको थियो ।



*कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै कोषका निमित्त प्रशासक, जीवन कुमार कट्वाल*

कोषको ५ बर्षे रणनीतिक योजना तयारीको क्रममा रहेको र सो विषयमा विज्ञको रुपमा नेपाल सरकारका पूर्व मुख्य सचिव डा. बैकुण्ठ अर्यालले कर्मचारी सञ्चय कोषको रणनीतिक योजनामा समेटिनुपर्ने विषय, कोषले अबलम्बन गर्नुपर्ने रणनीति,



*पूर्व मुख्य सचिव डा. बैकुण्ठ अर्याल*

कार्यनीति र कार्यन्वयनका सवालमा प्रस्तुतीकरण गर्नुभएको थियो । उहाँले कोषको दिगोपन, सुशासन, संस्थागत क्षमता विकास तथा समसामयिक चुनौतीलाई सम्बोधन गर्ने रणनीतिक दृष्टिकोण आवश्यक रहेको उल्लेख गर्नु भएको थियो ।

त्यसैगरी, आर्थिक प्रशासन विभागका विभागीय प्रमुख श्री ध्रुव प्रसाद अधिकारी र वरिष्ठ प्रबन्धक श्री शशी देवकोटाले चालु बजेट कार्यान्वयनको अवस्था, स्रोत व्यवस्थापन, प्राथमिकताका कार्यक्रम तथा आगामी योजनाबारे विस्तृत जानकारी प्रस्तुत गरिएको थियो ।

वार्षिक कार्यसम्पादन सम्झौताको समीक्षा तथा आगामी आर्थिक वर्षका लागि विभाग, शाखा कार्यालय तथा सेवा केन्द्रस्तरमा सञ्चालन गरिनुपर्ने कार्यक्रम सम्बन्धी प्रस्तुति योजना अनुगमन तथा जोखिम व्यवस्थापन विभागका विभागीय प्रमुख श्री दामोदर प्रसाद सुवेदी र वरिष्ठ प्रबन्धक श्री सन्तोष पौडेलले गर्नुभएको थियो ।

चौथो कार्यपत्रका रुपमा बिज्ञद्वारा तयार पारिएको कोषको व्यवसायिक निरन्तरता योजनाका सम्बन्धमा सूचना प्रविधि विभागका विभागीय प्रमुख श्री दर्शन भट्टराईले प्रस्तुतीकरण गर्नु भएको थियो । विपद् वा आकस्मिक परिस्थितिमा समेत कोषको सेवा तथा व्यवसायलाई निरन्तरता दिने तयारी, सूचना

प्रविधि सुरक्षा तथा प्रणालीगत व्यवस्थापनका विषयमा छलफल भएको थियो।

कार्यक्रममा कोषका विभागीय प्रमुखहरू, शाखा कार्यालय प्रमुखहरु र सेवा केन्द्र प्रमुखहरूले आ-आफ्ना धारणा, सुझाव तथा अनुभव प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रमका क्रममा कोषका सहप्रशासक श्री भरतराज वस्तीले विभागीय प्रमुख, शाखा कार्यालय प्रमुख, सेवा केन्द्र प्रमुख तथा उच्च व्यवस्थापनबीचको नियमित अन्तरक्रिया र समन्वयले संस्थालाई थप गतिशील तथा परिणाममुखी बनाउन महत्वपूर्ण योगदान पुग्ने धारणा व्यक्त गर्नुभयो।



*कोषका का.मु. सहप्रशासक, भरतराज वस्ती*

त्यसैगरी, कोषका निमित्त प्रशासक श्री जीवनकुमार कट्वालले कर्मचारी सञ्चय कोषको इतिहास, वर्तमान अवस्था तथा भावी कार्यदिशाबारे चर्चा गर्दै रणनीतिक योजना, विशेष कार्यक्रम, सेवा विस्तार, सुशासन, सेवा प्रवाह सुधार तथा प्रविधिको प्रभावकारी उपयोगमार्फत कोषलाई अझ सक्षम र परिणाममुखी संस्थाको रूपमा विकास गर्नुपर्नेमा जोड दिनुभयो । नेपाल सरकारको शासकीय सुधारसम्बन्धी एक सय बुँदे कार्यसूची अन्तर्गत




*कार्यक्रमको प्रस्तुती गर्नुहुँदै विभागीय प्रमुख दामोदर प्रसाद सुवेदी*

कोषले गर्नुपर्ने सुधार कार्यक्रम, संस्थागत सुशासनका सम्बन्धमा कोषको भूमिकालाई थप प्रभावकारी बनाउँदै संस्थागत उत्तरदायित्व र कार्यसम्पादनलाई सुदृढ गर्नुपर्ने आवश्यकता औंल्याउनु भयो। साथै, सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउदै थप सरल, सहज र प्रभाबकारी बनाउने कुरामा जोड दिनु भयो । कार्यक्रमले कोषको भावी रणनीति, सेवा सुधार, संस्थागत सुदृढीकरण तथा संस्थागत सुशासन प्रवर्द्धन र व्यावसायिक निरन्तरतामा महत्वपूर्ण मार्गदर्शन प्रदान गर्ने विश्वास व्यक्त गर्नु भयो ।

कार्यक्रम सञ्चालनका क्रममा वरिष्ठ प्रबन्धक डा. दिलीप राज पौडेलले कार्यक्रमको औचित्य तथा समसामयिक सान्दर्भिकतामाथि प्रकाश पार्दै संस्थागत सुधार, रणनीतिक सोच तथा परिणाममुखी कार्यसंस्कृतिको आवश्यकता औंल्याउनुभएको थियो।



*कार्यक्रममा सहभागी कोषका उच्च पदस्थ कर्मचारीहरु*